# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको
### सूचना १

कृषि मन्त्रालयका सचिव श्री अक्रुरनरसिंह राणा मेक्सिकोमा हुने प्रिजेन्टेशन विकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री इन्द्रराज मिश्रलाई मिति २०४४।५।२८ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारहरूबाट गरिबक्सने जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सवारीसाथ परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्रीमती विन्देश्वरी शाहलाई मिति २०४४।५।२९ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
326
मुद्रण विभाग, सिंहदरबार